# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा
प्रदेश नं. २, नेपाल

## आ.व. २०७६/०७७ को आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

*तेश्रोपटक प्रकाशित मिति २०७६/०६/०२*

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न शिर्षकहरुबाट आ.व.२०७६/०७७ मा ठेक्का बढाबढको माध्यमबाट शुल्क, दस्तुर उठाउनु पर्ने भएकोले ईच्छुक स्थायी लेखा नम्बर ( **PAN** ) प्राप्त गरेका वा मुल्य अभिवृद्धि करको दायरामा समेटिएका नेपाली नागरकि वा फर्म वा कम्पनीहरुबाट फर्मको नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.ब. ०७५/०७६ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपिहरुका साथै निम्न शर्तहरुका अधिनमा रही यस कार्यालयबाट तपशिल बमोजिमको मिति, समय र स्थानमा छुट्टाछुट्टै बोलपत्र खरिद गरी दाखिला गर्न यो सूचना पुनः प्रकाशित गरिएको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ७ जीतपुर स्थित गुदरी बजार, तरकारी तथा फलफूल बजार र घुम्ती पसलहरुबाट शुल्क उठाउने । | रु. १५,००,०००/- (अक्षरुपी रु. पन्ध लाख मात्र) | ३०००/- | कबोल अंकको ५% | ७ दिन भित्र |
| २ | वडा नं. १५ स्थित डुमरवाना बजार तरकारी तथा फलफूल बजार र घुम्ती पसलहरुबाट शुल्क उठाउने । | रु. २५,०००/- (अक्षरुपी रु. पच्चिस हजार मात्र) | ५००/- | कबोल अंकको ५% | ७ दिन भित्र |
| ३. | वडा नं. १२ स्थित फत्तेपुर बजार तरकारी तथा फलफूल हाट बजार र घुम्ती पसलहरुबाट शुल्क उठाउने । | रु. १५,०००/- (अक्षरुपी रु. पन्ध्र हजार मात्र) | ५००/- | कबोल अंकको ५% | ७ दिन भित्र |
| ४. | वडा नं. १९ स्थित इनर्वासिरा बजार तरकारी तथा फलफूल हाट बजार र घुम्ती पसलहरुबाट शुल्क उठाउने । | रु.८१,०००/- (अक्षरुपी रु. एक्कासी हजार मात्र) | ५००/- | कबोल अंकको ५% | ७ दिन भित्र |

विस्तृत जानकारी एवं शर्तहरु यस उपमहानगरपालिकाको website:- www.jeetpursimaramun.gov.np तथा कार्यालयको सूचना पार्टीमा टाँस गरिएको सूचना प्राप्त गर्न सकिनेछ ।

२०७६।६।१
शिवराज सेढाईं
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

**शर्तहरु :**

१. बोलपत्र फाराम जीतपुरसिमरा यस कार्यालय जीतपुर, बारा बाट पछि फिर्ता नहुने गरी यो सूचना तेश्रो पटक प्रकाशित भएको मितिले ७ औ दिन भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मिति देखि ८ औ दिनको १२:०० बजे भित्र नेपाली नागरिक भए आफुले कबोल गरेको कुल ठेक्का अंकको ५%, धरौटी रकम नेपाल बैंक लिमिटेड जीतपुर बारामा रहेको यस कार्यालयको धरौटी खाता नं. १०००३०००००००३००००१ मा दाखिला गरेको सक्कल भौचर संलग्न गरी उ.म.न.पा.को कार्यालय जीतपुर बारामा बोलपत्र पेश गर्न सकिने छ । धरौटी बापत नगद जम्मा गरेकालाई मान्यता दिईने छैन ।

३. पर्न आएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयको जीतपुर बारामा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनमा उक्त कार्यहरु गरिनेछ ।

४. ठेक्का अवधि मिति २०७६ असोज देखि २०७७ आषाढ मसान्तसम्म हुनेछ ।

५. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको रकम अंक मूल्य अभिबृद्धि कर बाहेकको हुनेछ ।

६. बोलपत्र स्वीकृति भए पछि सूचना पाएको वा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आयकर/मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्ने छ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. ठेकेदारले कबोल गरेको कुल रकम ३ (तिन) किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता आफुले कबोल गरेको कुल ठेक्का रकमको ५० प्रतिशत रकम बुझाएर मात्र सम्झौता हुनेछ । दोस्रो किस्ता २५% रकम ०७६ फाल्गुण मसान्त भित्र, तेस्रो किस्ता २५% रकम ०७६ ज्येष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ ।

८. सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा ठेक्का अंकको १०% रकम छुट दिइनेछ ।

९. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ५० प्रतिशत रकम २०७७ आषाढ मसान्तसम्म अवधि रहनेछ र यस कार्यालयको नाममा ठेक्केदारको तर्फबाट मात्र जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) पेश गरे पछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलान पूर्जि दिइनेछ ।

१०. ठेकेदारले नियमानुसारको आयकर तथा मुल्य अभिवृद्धि कर आफैले आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने छ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित ऐन नियमानुसार बुझाउने पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । ठेक्का रकमबाट कटाउन पाइने छैन ।

११. नेपाल सरकार तथा यस कार्यालयले समय समयमा दिने नीति, निर्देशन तथा आदेशको पालना गर्ने ठेकेदारको कर्तव्य हुनेछ ।

१२. बन्द हडताल, चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट सृजना हुने अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिइने छैन । साथै कर छुट वा मिनाहा पाइने छैन ।

१३. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुटाछुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफनै तर्फबाट छपाई कार्यालय प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. अभिलेख गराई मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१४. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस उ.म.न.पा.मा सुरक्षित रहने छ । बढाबढ गर्दा बढाबढ गर्ने दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बढाबढलाई बदर मानिने छ ।

१५. ठेक्काका सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा यस कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन, कानून नियमको परिधि भित्र रही यस कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१६. सम्झौता र चलान पुर्जिमा उल्लेख भएका माल बस्तु र दर रेटको प्रतिकुल हुने गरी कर दस्तुर शुल्क लिन पाइने छैन । बढी लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा चार गुणा जरिवाना गरिने र उजुरी कर्तालाई जरिवाना रकमको ५० प्रतिशतको रकम दिइनेछ । कर, शुल्क तिर्नुपर्ने दायित्व भएको करदाता तोकिएको कर नतिरी झुक्याई भागेमा तोकिएको करको दोब्बर जरिवाना गरिने छ ।

१७. तोकिएको समयमा तोकिएको किस्ता रकम नबुझाएमा कानून बमोजिमको ब्याज सहित असुल उपर गरिनेछ । सो समयसम्म पनि किस्ता रकम नबुझाएमा पेश गरिएको परफरमेन्स बण्ड (ग्यारेन्टी) बाट सम्झौता अनुसारको बोलकबोल रकम तोकिएको ब्याज समेत असुल उपर गरिने छ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

१८. सम्मानित अदालत, नेपाल सरकार, उ.म.न.पा.को निर्देशनको पालना गर्नु गराउनु र लागू गर्नु बोलपत्रदाताको कर्तव्य एवं दायित्व हुने छ । नीति निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपुर्तिको दावी ठेकेदारले न.पा.सँग माग गर्न पाउने छैन ।

१९. यस सूचना प्रकाशित बाहेक अन्य समय र स्थानमा उपस्थित भएमा सोलाई मान्यता दिइने छैन ।

२० ठेक्का नं. १ को हकमा जीतपुर बजार क्षेत्र अन्तर्गत हाईव रोडमा, फुटपाथमा पसल-पसल राख्न र कर उठाउन पाइनेछैन । पसल राख्न लगाई कर उठाइएको पाइएमा उठाइएको करको दोब्बर जरिवाना गरिनेछ, । फुटपाथमा राखेको पसल हटाउनलाई ठेकेदारले आवश्यक सहयोग गर्नु पर्ने छ ।

२१. यसमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

शिवराज सेढाई
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner